जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २९३ २०८३ साल असार २२ गते सोमबार (6 July 2026 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : बालेन्द्र शाह सरकारको सय दिन र.. ३ पृष्ठमा : ऊर्जा सङ्कटपछि भारत.. ३ पृष्ठमा : उखु किसानले १३ वटा चिनी...

# सरकारको सय दिन, परिणाममुखी कार्यान्वयन नै अबको परीक्षा : उपेन्द्र यादव

**दैनिक समाचारदाता**
**काठमाडौं २१, असार ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारको पहिलो १०० दिनलाई सुशासन र संस्थागत सुधारको प्रयास प्रारम्भिक चरणमा रहेको व्याख्या गर्दै सरकारको वास्तविक परीक्षा अब त्यसको कार्यान्वयन र त्यसबाट प्राप्त हुने परिणाममा निर्भर हुने टिप्पणी गरेका छन् ।

सरकारको सय दिने कार्यको समिक्षा र त्यसप्रति टिप्पणी गर्दै आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत् अध्यक्ष यादवले सरकारको पहिलो १०० दिन सुशासनमा सुधार, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक पुनर्संरचना तथा राज्य संयन्त्रलाई प्रभावकारी बनाउने प्रयासमा केन्द्रित रहेको उल्लेख गरेका छन्। उनका अनुसार सरकारले ठूला लोककल्याणकारी कार्यक्रमभन्दा शासन प्रणाली सुधार र संस्थागत परिवर्तनलाई प्राथमिकतामा राखेर अघि बढ्नुलाई सकारात्मक कदमको रुपमा लिएका छन् ।

यद्यपि, अहिले नै सरकार सफल वा असफल भएको



निष्कर्ष निकाल्नु हतारो हुने भन्दै अध्यक्ष यादवले सरकारले अघि सारेको नीति, सुधार र निर्णयहरू कतिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् र त्यसले नागरिकको दैनिक जीवनमा के कस्तो परिवर्तन ल्याउँछ भन्ने आधारमै सरकारको दीर्घकालीन मूल्याङ्कन हुनुपर्ने बताएका छन् ।

पूर्व उप-प्रधानमन्त्री समेत रहेका यादवले नेपालको विगतबाट पाठ सिक्नु अहिले झनै आवश्यक भएको उल्लेख गर्दै इतिहासमा बारम्बार उही कमजोरी दोहोरिएको टिप्पणी गरेका छन् । उनले राजतन्त्रको शान्तिपूर्ण अन्त्यसँगै नेपाल समावेशी, धर्मनिरपेक्ष, संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको र त्यसबेला 'नयाँ नेपाल' निर्माणप्रति जनतामा ठूलो आशा जागेको स्मरण गरेका छन् । तर आम जनताका ती अपेक्षा र उपलब्धिहरु पूर्ण रूपमा पूरा हुन नसकेको उनको निष्कर्ष छ ।

नेपाल अझै पनि लामो राजनीतिक संक्रमणबाट पूर्ण रूपमा मुक्त हुन नसकेको उल्लेख गर्दै परिवर्तनको पक्षमा उभिएका नागरिकहरू नै अहिले सबैभन्दा बढी निराश भएको उनको बताएका छन् । शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण, सुशासन, रोजगारी, आर्थिक व्यवस्थापन र राजनीतिक स्थायित्वका क्षेत्रमा गम्भीर अझै पनि चुनौती कायम रहेको उनको विश्लेषण छ ।

राजनीतिक दलहरूमा वैचारिक स्पष्टता, सिद्धान्तप्रतिको प्रतिबद्धता र राजनीतिक उत्तरदायित्व कमजोर बन्दै गएको उल्लेख गर्दै यादवले नेपालको संस्थागत कमजोरीलाई आजको प्रमुख चुनौतीका रूपमा औंल्याएका छन् । त्यसका बाबजुद सुशासन, समावेशी विकास, समानता, सामाजिक न्याय, प्रगति र समृद्धितर्फ दिगो रूपान्तरण सम्भव रहेको विश्वास पनि उनले व्यक्त गरेका छन् ।

यादवले विगतका विभेद, असमानता र अन्यायको अन्त्य गर्दै समावेशी लोकतन्त्र, समान अवसर, सामाजिक न्याय र सहभागितामूलक विकासलाई सुदृढ बनाउनु आजको प्रमुख राष्ट्रिय आवश्यकता भएको बताएका छन् । मधेसी, आदिवासी/जनजाति, दलित, महिला, थारू, मुस्लिम, अन्य पिछडा वर्ग (ओबीसी), अल्पसंख्यक तथा सामाजिक, आर्थिक र राजनीतिक रूपमा पछाडि पारिएका समुदायको सम्मानजनक सहभागिता, अधिकार र सशक्तीकरण सुनिश्चित गर्न सके मात्र नेपालको लोकतन्त्र थप सुदृढ, न्यायपूर्ण र समृद्ध बन्न सक्ने उनको धारणा छ ।

# संविधान संशोधन बहस कार्यदलले असार मसान्तभित्र प्रतिवेदन बुझाउने

काठमाडौं, २१ असार (रासस) ।

प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहले यही असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिनुभएको छ ।

वर्तमान सरकार गठनको १०० दिनमा सम्पादन भएका प्रमुख उपलब्धि सार्वजनिक गर्न शनिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले कार्यदलले आफ्नो काम गरिरहको बताउनुभयो ।

संयोजक शाहले भन्नुभयो, "असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारी गरेको छ । कार्यदलले विभिन्न सरोकार निकाय, संविधानविद्, राजनीतिक दलसँग छलफल गरिरहेको छ । अब प्रतिवेदन लेखनको अवस्थामा आइपुगको छौं ।"

# ८९ हजार मेट्रिकटन रासायनिक मल बिक्री

काठमाडौं, २१ असार (रासस) ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले १०० दिनको अवधिमा ८९ हजार १९४ दशमलव ४४ हजार मेट्रिकटन अनुदानित रासायनिक मल बिक्रीवितरण गरेको छ ।

सिंहदरबारमा शनिबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता सस्मित पोखरेलले सो अवधिमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत सो परिमाणको रासायनिक मल अनुदानित मल बिक्री वितरण गरिएको बताउनुभयो ।

विसं २०८२ चैतदेखि हालसम्म कृषि सामग्री कम्पनी लिमिटेडबाट ५३ हजार ७१६ दशमलव ४५ मेट्रिकटन र साल्ट ट्रेडिङ कर्पोरेसनबाट ३५ हजार ४७८ दशमलव १० मेट्रिकटन अनुदानित रासायनिक मल बिक्री वितरण गरिएको छ ।

सरकारले रासायनिक मल वितरक कम्पनीहरूलाई गरिने रकम निकासा व्यवस्थित, वस्तुपरक र व्यावहारिक गराउन अनुदानको मल वितरण व्यवस्थापन (दोस्रो संशोधन कार्यविधि),२०८३ समेत जारी गरिएको छ ।

# मधेश प्रदेश सरकारको असार २० गतेभित्र ३ अर्ब ३२ करोड रुपैयाँ खर्च

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २१ असार ।**

आर्थिक वर्षको अन्तिम महिनामा अस्वाभाविक खर्च गर्ने सरकारको चलन पुरानै हो । स्थानीय तहदेखि केन्द्रसम्म यस्तो खर्चमा बाढी आउने गर्छ ।

मधेस प्रदेशमा पनि असार महिनामा व्यापक खर्च भएको देखिएको छ । मधेस सरकारको चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् असार २० गतेभित्र ३ अर्ब ३२ करोड रुपैयाँ खर्च भएको पाइएको छ । यो कुल बजेट खर्चको २८ दशमलव ३० प्रतिशत भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार असार २० गतेसम्म प्रदेश सरकारले कुल १३ अर्ब २९ करोड ६६ लाख ६८ हजार १६४ रुपैयाँ खर्च गरेको छ । यसअघि जेठ मसान्तसम्म ९ अर्ब ९७ करोड रुपैयाँ अर्थात् कुल बजेटको २१ दशमलव २४ प्रतिशत खर्च भएको थियो ।

आर्थिक वर्षको अन्तिम महिनामा देखिने यस्तो प्रवृत्तिलाई सार्वजनिक वित्त व्यवस्थापनका जानकारहरूले खर्चको गुणस्तर र पारदर्शितामाथि प्रश्न उठाउँदै व्याख्या गरेका छन् । उनीहरूका अनुसार अन्तिम समयमा हुने हतारको भुक्तानीले विकास आयोजनाको प्रभावकारिता र गुणस्तरमा असर पर्न सक्ने जोखिम रहन्छ ।

यता प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णसँग टेलिफोनमार्फत रातोपाटीसँग बताएअनुसार हालसम्म चालुतर्फ ६ अर्ब ७२ करोड ८८ लाख रुपैयाँ अर्थात् ४३ दशमलव २ प्रतिशत र पुँजीगततर्फ ६ अर्ब ५६ करोड ७८ लाख रुपैयाँ अर्थात् २० दशमलव ९६ प्रतिशत खर्च भएको छ । जेठ मसान्तसम्म चालु खर्च ३६ दशमलव २२ प्रतिशत र पुँजीगत खर्च १३ दशमलव ७६ प्रतिशत मात्र थियो ।

मन्त्रालयगत खर्चमा सबैभन्दा बढी प्रगति अर्थ

*बाँकी अन्तिम पृष्ठमा*

# मन्त्रालयको संख्या घटाउँदा २० अर्ब बचत

काठमाडौं, २१ असार (रासस) ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले आफ्नो १०० दिने कार्यअवधिको प्रमुख उपलब्धि शनिबार सार्वजनिक गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शनिबार सरकारका प्रवक्ता सस्मित पोखरेलले पत्रकार सम्मेलनमार्फत ती उपलब्धि सार्वजनिक गर्नुभएको हो ।

मन्त्री पोखरेलले सार्वजनिक गर्नुभएको पहिलो बुँदामा सङ्घीय मन्त्रालयको सङ्ख्या कटौतीको विषय समावेश गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनावी बाचापत्र उल्लेख

*बाँकी अन्तिम पृष्ठमा*

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,

- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बचन,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफुड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अवैद्य मदिरा नियन्त्रणतर्फ पहल होस्

अवैद्य मदिरा पसल खुल्ने क्रम बढ्दो छ । सम्बन्धीत निकायको अनुगमन तथा नियन्त्रणको प्रयास फितलोका कारण पसल खुल्ने क्रम बढ्दै छ ।जिल्लाको विभिन्न स्थानमा यस्ता अवैध मदिरा पसल खुल्ने क्रम बढेको हो । साँझ पर्ने बितिकै मदिरा सेवनकर्ताहरुको भिड लाग्ने गरेको छ । यो संख्या जिल्लाको ग्रामिण भेगमा मात्र नभएर सहरी क्षेत्रमा समेत बढ्दो छ । धुम्रपान, मध्यपान स्वास्थ्यको लागि हानिकारक रहेपनि अहिले जिल्लाको विभिन्न स्थानमा मदिरा सेवन गर्ने खासगरी युवाहरुको संख्यामा पनि बृद्धि हुदै छ ।

अहिले सबैभन्दा बढी फस्टाएको व्यापारको रुपमा मदिरा पसल नै हो । मदिरा पसल गर्ने व्यापारीहरु मदिरा बिक्रि वितरण गरेर दिनहुँ राम्रो आम्दानी गर्ने गर्छन् । तर यसको कुलतमा युवाहरु बढी देखिन्छन् । बेलुका हुने बितिकै विभिन्न चौकहरुमा समेत मदिरा सेवन गरी हो हल्लाह हुने गरेका घटनाहरु सार्वजनिक समेत हुने गरेको छ । अवैध मदिरा पसलहरुको पहिचान गरी अबिलम्ब बन्द गर्ने तर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान पुग्नु आवश्यक छ ।

यस्ता गैरकानुनी पसल खुल्ने कारणले यूवाहरुको भविष्य अन्धकार हुने र समाजमा पनि विकृती बढ्ने देखिन्छ । जसले अपराधका घटनाहरु हुने सक्ने सम्भावना समेत बढ्ने सम्भावना रहेको छ । तसर्थ यूवाहरुलाई मदिरा सेवनको कुलतबाट मुक्त गराउनका लागि सम्बन्धित निकायको ध्यान पुग्नु अति आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बालेन्द्र शाह सरकारको सय दिन र मधेसको मौन प्रश्न

**प्रेमचन्द्र झा**

राजनीतिमा सय दिनको अवधि कुनै सरकार वा राजनीतिक शक्तिको अन्तिम मूल्याङ्कन गर्ने समय होइन, तर त्यसले सरकारको दिशा, नेतृत्वको दृष्टि, निर्णय प्रक्रियाको चरित्र र जनअपेक्षाप्रतिको संवेदनशीलताको प्रारम्भिक संकेत अवश्य दिन्छ । लोकतन्त्रमा जनताले सय दिनभित्र सबै समस्या समाधान हुने अपेक्षा राख्दैनन्, तर उनीहरू सरकार कुन बाटोमा अघि बढिरहेको छ, उसको प्राथमिकता के हो, उसले आफ्नो वाचा र व्यवहारबीच कति दूरी कायम गरेको छ र परिवर्तनको भाष्यलाई व्यवहारमा कसरी रूपान्तरण गरिरहेको छ भन्ने कुरा हेर्न चाहन्छन् । त्यसैले सय दिन उपलब्धिको सूची सार्वजनिक गर्ने औपचारिक अवसर मात्र होइन, आत्ममूल्याङ्कन गर्ने, आलोचनालाई सुन्ने र आगामी यात्राको दिशा सच्याउने महत्वपूर्ण मोड पनि हो । पछिल्ला सय दिनको राजनीतिक परिवेशलाई हेर्दा एउटा रोचक विरोधाभास देखिन्छ । एकातिर सरकारले आफ्ना उपलब्धिको सूची सार्वजनिक गर्दै सेवा प्रवाहमा सुधार, प्रशासनिक सक्रियता, भ्रष्टाचार नियन्त्रणप्रतिको प्रतिबद्धता, विकास निर्माणका कामलाई गति दिने प्रयास, डिजिटल प्रणालीको विस्तार र सुशासनलाई प्राथमिकतामा राखेको दाबी गरिरहेको छ ।

अर्कोतिर त्यही अवधिमा सरकारप्रति बढ्दो असन्तुष्टि, विशेषगरी मधेसबाट उठिरहेका प्रश्नहरू, पार्टीभित्रको असहजता, प्रतिनिधित्वसम्बन्धी बहस र निर्णय प्रक्रियामा देखिएको केन्द्रीकरणले सरकारको उपलब्धिभन्दा बढी चर्चा पाउन थालेको छ । राजनीतिक विश्लेषकहरूका अनुसार कुनै पनि सरकारका लागि सबैभन्दा असहज अवस्था विपक्षी दलको आलोचना होइन, आफ्नै समर्थक र आफ्नै राजनीतिक परिवारभित्रबाट उठ्ने प्रश्न हो । बाहिरको आलोचनालाई राजनीतिक प्रतिस्पर्धाको स्वाभाविक प्रक्रिया भनेर पन्छाउन सकिन्छ, तर आफ्नै पङ्क्तिबाट उठेको असन्तुष्टिलाई बेवास्ता गर्नु भने भविष्यका लागि जोखिमपूर्ण हुन्छ । यही कारणले पछिल्ला दिनमा राष्ट्रिय स्वतन्त्र पार्टीभित्र मधेसका नेता तथा सांसदहरूले सार्वजनिक रूपमा व्यक्त गरेका असन्तुष्टिका स्वरहरूलाई सामान्य घटनाका रूपमा लिन मिल्दैन । प्रतिनिधिसभामा पुरुषोत्तम यादवले व्यक्त गरेको धारणा, त्यसअघि डा. अमरेशकुमार सिंह र मनिष झाले पटक-पटक उठाएका प्रश्न तथा जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाले व्यक्त गरेको विश्लेषणले एउटा गम्भीर राजनीतिक संकेत गरेको देखिन्छ । प्रश्न केवल केही व्यक्तिको असन्तुष्टिको होइन; प्रश्न पार्टीभित्र समावेशी नेतृत्व, प्रतिनिधित्व, संवाद र राजनीतिक संस्कारको हो ।

नयाँ राजनीतिक शक्तिहरूले पुराना दलहरूको विकल्पका रूपमा आफूलाई प्रस्तुत गर्दा उनीहरूले सबैभन्दा बढी जोड दिने विषय नै पारदर्शिता, समावेशिता, सहभागिता र आन्तरिक लोकतन्त्र हुन्छ । जनताले पनि त्यही आधारमा उनीहरूलाई अवसर दिन्छन् । मधेस प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको समर्थन त्यसैको परिणाम थियो । परम्परागत दलप्रति निराश भएका धेरै मतदाताले नयाँ राजनीतिक संस्कारको अपेक्षामा यो दललाई रोजेका थिए । उनीहरूको विश्वास थियो कि अब निर्णय केही सीमित नेताको वरिपरि केन्द्रित हुने छैन, क्षेत्रीय सन्तुलनलाई सम्मान गरिनेछ, मधेसको आवाजलाई केवल चुनावी भाषणमा सीमित राखिने छैन र प्रतिनिधित्वलाई व्यवहारमा उतारिनेछ । तर सय दिनको अनुभवले त्यो अपेक्षा कति पूरा भयो भन्ने प्रश्न अहिले पार्टीभित्रै उठ्न थालेको छ । मधेसबाट निर्वाचित वा मधेससँग जोडिएका नेताहरूले सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गर्नु आफैँमा गम्भीर सन्देश हो । राजनीतिमा असन्तुष्टि हुनु अस्वाभाविक होइन, तर त्यो असन्तुष्टि सार्वजनिक रूपमा पोखिनु भने आन्तरिक संवाद कमजोर भएको संकेत हो । जब पार्टीभित्र आफ्ना कुरा राख्ने पर्याप्त स्थान हुँदैन, तब ती आवाज संसद्, सञ्चारमाध्यम वा सार्वजनिक मञ्चबाट बाहिर आउन थाल्छन् । अहिले देखिएको अवस्था पनि त्यही दिशातर्फ संकेत गरिरहेको देखिन्छ ।

पुरुषोत्तम यादवले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा धेरैका लागि एउटा भाषण मात्र थिएन, त्यो पार्टीभित्र सञ्चित असन्तुष्टिको सार्वजनिक अभिव्यक्ति थियो । उनले उठाएका विषयहरूलाई कतिपयले व्यक्तिगत असन्तुष्टि भनेर व्याख्या गर्न खोजे पनि त्यसपछिका राजनीतिक प्रतिक्रियाले यो विषय व्यक्तिगत सीमाभन्दा धेरै माथि पुगेको देखायो । किनभने त्यसअघि पनि डा. अमरेशकुमार सिंहले मधेसका मुद्दा ओझेलमा परेको भन्दै सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका थिए । मनिष झाले पनि निर्णय प्रक्रियामा संवादको कमी, संगठनात्मक संरचनामा असन्तुलन र समावेशी नेतृत्वको अभावबारे टिप्पणी गर्दै आएका थिए । यी तीन फरक-फरक आवाज एउटै दिशातर्फ संकेत गरिरहेका छन् भने त्यसलाई संयोग मात्र भन्न कठिन हुन्छ । यसले पार्टीभित्र रहेको संरचनात्मक समस्यातर्फ औँल्याइरहेको हुन्छ ।

जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाको टिप्पणी अझ गहिरो छ । उनका अनुसार असन्तुष्टि केवल मधेसका नेताहरूमा सीमित छैन, उत्पीडित समुदायमा समेत विस्तार हुँदै गएको छ । यो भनाइलाई केवल राजनीतिक टिप्पणीका रूपमा होइन, सामाजिक मनोविज्ञानको अध्ययनका रूपमा पनि बुझ्नुपर्छ । नेपालको लोकतान्त्रिक आन्दोलनले बारम्बार प्रतिनिधित्व, समावेशिता र पहिचानका मुद्दालाई केन्द्रमा राखेको छ । संविधान निर्माणदेखि राज्य पुनःसंरचनासम्मका बहसले यही कुरा पुष्टि गर्छन् । त्यसैले नयाँ राजनीतिक शक्तिले पनि यी विषयलाई बेवास्ता गर्न सक्दैन । यदि परिवर्तनको नाममा आएका शक्तिहरूले पनि पुरानै शैली दोहोर्याए भने जनतामा निराशा झन् तीव्र हुन सक्छ ।

सरकारले सय दिनमा गरेका कामलाई पूर्ण रूपमा नकार्न मिल्दैन । प्रशासनिक सुधारका केही प्रयास, सेवा प्रवाहलाई चुस्त बनाउने पहल, डिजिटल माध्यमको प्रयोग बढाउने सोच, भ्रष्टाचारप्रति शून्य सहनशीलताको सार्वजनिक प्रतिबद्धता, केही नीतिगत निर्णय र सरकारी संयन्त्रलाई सक्रिय बनाउने प्रयासलाई सकारात्मक रूपमा लिन सकिन्छ । तर लोकतन्त्रमा उपलब्धिको मूल्याङ्कन केवल सरकारले आफूले भनेको आधारमा हुँदैन, जनताले अनुभव गरेको आधारमा हुन्छ । यदि उपलब्धिको सूची लामो भए पनि जनताको मनमा असन्तुष्टि बढिरहेको छ भने सरकारले त्यसको कारण खोज्नैपर्छ । राजनीतिमा धारणा पनि यथार्थजत्तिकै शक्तिशाली हुन्छ । सरकार सही बाटोमा भए पनि जनताले आफूलाई बेवास्ता गरिएको अनुभूति गरे भने असन्तुष्टि बढ्छ । अहिले मधेसबाट उठिरहेको प्रश्न पनि यही मनोविज्ञानसँग जोडिएको देखिन्छ ।

मधेस नेपालको राजनीति, अर्थतन्त्र र सामाजिक संरचनाको अत्यन्त महत्वपूर्ण भूगोल हो । जनसङ्ख्या, कृषि उत्पादन, सीमा व्यापार, सांस्कृतिक विविधता र राजनीतिक प्रभावका दृष्टिले यसको भूमिका अत्यन्त महत्वपूर्ण छ । तर मधेसको राजनीतिक इतिहास हेर्दा एउटा साझा पीडा निरन्तर देखिन्छ–निर्णय प्रक्रियामा सम्मानजनक सहभागिताको अभाव । यही कारणले मधेस आन्दोलनहरू जन्मिए, प्रतिनिधित्वको माग उठ्यो र राज्यलाई समावेशी बनाउने बहसले गति लियो । यस्तो पृष्ठभूमिमा कुनै पनि नयाँ राजनीतिक शक्तिले मधेसलाई केवल निर्वाचन क्षेत्रका रूपमा होइन, साझेदारका रूपमा बुझ्नुपर्छ । यदि त्यो संवेदनशीलता देखिएन भने असन्तुष्टि पुनः दोहोरिनु स्वाभाविक हुन्छ ।

मधेसको असन्तुष्टिलाई केवल केही नेताको व्यक्तिगत असन्तुष्टिको रूपमा हेर्नु राजनीतिक दृष्टिले ठूलो भूल हुन सक्छ । कुनै पनि लोकतान्त्रिक समाजमा नेतृत्वले सुन्नुपर्ने पहिलो आवाज आफ्नै संगठनभित्रबाट उठ्ने आवाज हो । बाहिरबाट आएको आलोचनालाई प्रतिपक्षको राजनीति भनेर पन्छाउन सकिन्छ, तर आफ्नै पङ्क्तिबाट उठेका प्रश्नहरू संगठनभित्र कतै न कतै सञ्चारको अभाव, विश्वासको कमी वा निर्णय प्रक्रियामा असन्तुलन रहेको संकेत हुन्छ । यही कारणले पुरुषोत्तम यादवले प्रतिनिधिसभामा व्यक्त गरेको धारणा, त्यसअघि डा. अमरेशकुमार सिंह र मनिष झाले बारम्बार उठाएका प्रश्न तथा मधेसका बौद्धिक समुदायबाट व्यक्त भइरहेका चिन्तालाई गम्भीर रूपमा लिनुपर्ने आवश्यकता देखिन्छ । नयाँ राजनीतिक शक्तिले आफ्नो सबैभन्दा ठूलो शक्ति जनताको विश्वासलाई बनाएको हुन्छ । त्यो विश्वास भाषणले होइन, व्यवहारले जोगिन्छ । यदि परिवर्तनको वाचा गर्ने दलभित्र पनि निर्णय केही सीमित व्यक्तिको वरिपरि घुम्न थाल्यो, क्षेत्रीय सन्तुलन कमजोर हुँदै गयो, आलोचनालाई असहज रूपमा लिन थालियो र संगठनभित्र संवादको संस्कृति कमजोर बन्यो भने जनताले पुराना र नयाँ दलबीचको भिन्नता छुट्याउन कठिन मान्न थाल्छन् ।

नेपालको राजनीतिक इतिहासले एउटा कुरा स्पष्ट रूपमा देखाएको छ– प्रतिनिधित्वको प्रश्नलाई बेवास्ता गरेर कुनै पनि राष्ट्रिय राजनीतिक शक्ति लामो समयसम्म बलियो बन्न सकेको छैन । चाहे त्यो पहाड र मधेसबीचको सम्बन्ध होस्, महिला सहभागिता होस्, दलित, आदिवासी जनजाति, मुस्लिम वा अन्य उत्पीडित समुदायको सवाल होस्, अन्ततः राजनीतिक स्थायित्व समावेशीकरणमै निर्भर रहन्छ । मधेसको प्रश्न पनि त्यही ऐतिहासिक निरन्तरताको हिस्सा हो । मधेसले पटक-पटक राज्यसँग समान व्यवहारको माग गरेको छ । आन्दोलनहरू भए, संविधान संशोधनका बहस भए, संघीयताको अभ्यास सुरु भयो, तर मधेसी समुदायको एउटा ठूलो हिस्सामा अझै पनि निर्णय प्रक्रियामा आफूहरू पर्याप्त रूपमा समेटिएका छैनौं भन्ने अनुभूति बाँकी छ । यही मनोविज्ञानलाई बुझ्न नसक्ने हो भने कुनै पनि नयाँ राजनीतिक प्रयोगले अपेक्षित सफलता प्राप्त गर्न सक्दैन ।

सरकारले सय दिनको उपलब्धिको सूची सार्वजनिक गर्दा भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सुशासनको प्रतिबद्धता, सेवा प्रवाहमा सुधार, डिजिटल प्रणालीको विस्तार, सार्वजनिक खर्चमा अनुशासन, नीतिगत सुधार तथा विकास निर्माणलाई गति दिने प्रयासजस्ता विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिरहेको छ । यस्ता प्रयासलाई सहज रूपमा अस्वीकार गर्न मिल्दैन । प्रशासनिक सुधारको सुरुवात आफैँमा सकारात्मक संकेत हो । सरकारी निकायहरूलाई जिम्मेवार बनाउने प्रयास पनि आवश्यक छ । जनताले सुशासन चाहन्छन्, भ्रष्टाचारमुक्त प्रशासन चाहन्छन्, सेवामा सहज पहुँच चाहन्छन् । तर सरकारको सफलता यतिमै सीमित रहँदैन । सुशासन केवल फाइल छिटो सर्‍यो कि सरेन भन्ने विषय होइन, सुशासन भनेको राज्यका सबै नागरिकले आफूलाई समान रूपमा सम्मानित र सहभागी महसुस गर्ने वातावरण निर्माण गर्नु पनि हो । यदि सेवा सुधारियो तर प्रतिनिधित्वको प्रश्न ओझेलमा पर्‍यो भने विकासको भाष्य अपूरो रहन्छ ।

यही कारणले सय दिनको अवधिमा सरकारको सबैभन्दा धेरै आलोचना भएका विषयहरूमध्ये निर्णय प्रक्रियाको केन्द्रीकरण, राजनीतिक संवादको अभाव, पार्टीभित्र असन्तुष्टि व्यवस्थापनमा कमजोरी, क्षेत्रीय सन्तुलनप्रति पर्याप्त संवेदनशीलता नदेखिएको आरोप तथा आलोचनाप्रति रक्षात्मक शैली प्रमुख रूपमा देखिएका छन् । आलोचनालाई लोकतन्त्रको स्वाभाविक प्रक्रिया मान्नुको सट्टा कतिपय अवस्थामा त्यसलाई व्यक्तिगत असन्तुष्टि वा विरोधी मानसिकताको रूपमा बुझ्ने प्रवृत्तिले पनि बहसलाई अझ जटिल बनाएको छ । लोकतन्त्रमा आलोचना सरकारको कमजोरी होइन, सुधारको अवसर हो । विशेषगरी नयाँ राजनीतिक दलका लागि त आलोचना अझ बढी मूल्यवान् हुन्छ, किनभने उनीहरूसँग पुराना संरचना र परम्परागत संगठनात्मक अनुभव कम हुन्छ । त्यसैले उनीहरूले निरन्तर सिक्ने, सुधार गर्ने र आफ्ना कमीकमजोरी स्वीकार गर्ने संस्कार विकास गर्नुपर्छ ।

मधेस प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको मत केवल चुनावी परिणाम थिएन, त्यो पुरानो राजनीतिक संरचनाप्रतिको असन्तुष्टिको अभिव्यक्ति पनि थियो । धेरै युवाले, शिक्षित वर्गले, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकले र परम्परागत

*बाँकी तीन पृष्ठमा*

### *बालेन्द्र शाह सरकारको ...*

राजनीतिक विकल्पबाट निराश भएका मतदाताले नयाँ सम्भावनाको खोजीमा यो दललाई समर्थन गरेका थिए । उनीहरूले पुराना दलले पूरा गर्न नसकेका सपना नयाँ दलले पूरा गर्ने अपेक्षा गरेका थिए । तर जब उनीहरूकै क्षेत्रका नेताहरूले सार्वजनिक रूपमा आफूलाई बेवास्ता गरिएको अनुभूति व्यक्त गर्न थाले, तब स्वाभाविक रूपमा समर्थकहरू पनि प्रश्न गर्न थाले । चुनाव जित्नका लागि मधेस आवश्यक हुने तर निर्णय गर्ने बेला मधेसका आवाज कमजोर हुने हो भने त्यो राजनीतिक रूपमा दीर्घकालीन रणनीति बन्न सक्दैन ।

डा. भोगेन्द्र झाले व्यक्त गरेको अर्को महत्वपूर्ण पक्ष उत्पीडित समुदायको मनोविज्ञानसँग सम्बन्धित छ । कुनै पनि समुदायलाई अवसरबाट वञ्चित गरिएको अनुभूति हुन थाल्यो भने त्यो असन्तुष्टि केवल एउटा दलसँग सीमित रहँदैन, त्यसले सम्पूर्ण राजनीतिक प्रणालीप्रतिको विश्वास कमजोर बनाउँछ । लोकतन्त्रमा नागरिकको विश्वास सबैभन्दा ठूलो पूँजी हो । त्यो विश्वास कमजोर हुँदा राजनीतिक निराशा, वैकल्पिक अतिवादी सोच र संस्थाप्रतिको अविश्वास बढ्न सक्छ । त्यसैले समावेशी प्रतिनिधित्वलाई केवल राजनीतिक नारा नभई लोकतान्त्रिक स्थायित्वको आधारका रूपमा बुझ्न आवश्यक छ ।

अर्कोतर्फ, सरकारका समर्थकहरूले पनि केही महत्वपूर्ण तर्क प्रस्तुत गरिरहेका छन् । उनीहरूका अनुसार सय दिन अत्यन्त छोटो अवधि हो । यति छोटो समयमा दशकौँदेखिका समस्या समाधान हुने अपेक्षा गर्नु उचित होइन । सरकारलाई काम गर्न समय दिनुपर्छ । प्रशासनिक सुधारको प्रभाव देखिन समय लाग्छ । नीति निर्माण र कार्यान्वयनबीच स्वाभाविक रूपमा अन्तराल हुन्छ । संघीय संरचनामा अधिकार बाँडफाँट, कानुनी जटिलता, प्रशासनिक प्रक्रिया र स्रोत-साधनको सीमितताले पनि अपेक्षित गतिमा परिणाम आउन नसकेको हुन सक्छ । यी तर्कहरूलाई पनि पूर्ण रूपमा अस्वीकार गर्न मिल्दैन । तर यति स्वीकार्दै गर्दा अर्को सत्यलाई पनि नजरअन्दाज गर्न सकिँदैन कि राजनीति केवल समयको प्रश्न होइन, विश्वासको पनि प्रश्न हो । यदि जनताले सरकार सही दिशामा अघि बढिरहेको अनुभूति गरे भने उनीहरू धैर्य गर्न तयार हुन्छन् । तर यदि दिशा नै अस्पष्ट देखियो वा आफ्नै समर्थकहरू असन्तुष्ट देखिन थाले भने समयले मात्र सबै समस्या समाधान गर्दैन ।

यही सन्दर्भमा बालेन विमर्शको चर्चा पनि रोचक रूपमा अघि बढेको छ । पछिल्ला केही वर्षमा "बालेन" एउटा व्यक्तिको नामभन्दा बढी स्थापित राजनीतिक संस्कारविरुद्धको असन्तुष्टि, वैकल्पिक नेतृत्वको खोजी र परिणाममुखी शासनको आकांक्षाको प्रतीकका रूपमा स्थापित भएको छ । यही कारणले नयाँ राजनीतिक प्रयोगहरूलाई पनि धेरैले त्यही प्रतीकसँग जोडेर हेर्ने गरेका छन् । तर प्रतीकले चुनाव जिताउन सक्छ, संस्था सञ्चालन गर्न सक्दैन । संस्था सञ्चालन गर्न विधि, प्रक्रिया, संवाद, सामूहिक नेतृत्व, आलोचना सहने क्षमता र शक्ति बाँडफाँटको संस्कार आवश्यक हुन्छ । यदि कुनै राजनीतिक परियोजना अत्यधिक रूपमा व्यक्तिकेन्द्रित बन्न थाल्यो भने सुरुवाती लोकप्रियताले नै पछि संस्थागत कमजोरी लुकाउन सक्दैन । नेपालको राजनीतिक इतिहासमा व्यक्तिपूजाले संस्थालाई कमजोर बनाएका धेरै उदाहरण छन् । त्यसैले नयाँ राजनीतिक शक्तिले व्यक्तित्वको आकर्षणलाई संस्थागत संस्कारमा रूपान्तरण गर्न सकेन भने परिवर्तनको अभियान अधुरो रहनेछ ।

राजनीतिमा सबैभन्दा ठूलो परीक्षा चुनाव जित्नु होइन, चुनावपछि आफ्नै समर्थकको विश्वास जोगाइराख्नु हो । अहिले देखिएको बहस यही परीक्षाको प्रारम्भिक संकेत हो । सय दिनपछि सरकारसँग जनताले पूर्ण परिणामको अपेक्षा गरेका छैनन्, तर उनीहरूले स्पष्ट दिशा, समावेशी सोच, आलोचना सुन्ने संस्कार र सबै समुदायलाई समान सम्मान दिने व्यवहारको अपेक्षा भने अवश्य गरेका छन् । यही अपेक्षा पूरा भयो भने प्रारम्भिक असन्तुष्टिहरू संवादमार्फत समाधान हुन सक्छन् । तर यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने सानो असन्तुष्टि समयसँगै गहिरो राजनीतिक संकटमा रूपान्तरण हुन पनि सक्छ ।

यही कारणले अहिलेको राजनीतिक अवस्थालाई केवल सरकारको सय दिनको समीक्षा भनेर मात्र हेर्नु पर्याप्त हुँदैन । यो वास्तवमा नयाँ राजनीतिक संस्कारको परीक्षा पनि हो । नेपालमा हरेक नयाँ राजनीतिक शक्ति उदाउँदा जनताले पुराना दलभन्दा फरक चरित्र, फरक कार्यशैली र फरक राजनीतिक संस्कारको अपेक्षा गर्छन् । चुनावी भाषणमा परिवर्तनको वाचा गर्नु सजिलो हुन्छ, तर त्यो वाचालाई संस्थागत व्यवहारमा रूपान्तरण गर्नु कठिन हुन्छ । नयाँ राजनीतिक शक्तिले आफ्नो सफलताको आधार केवल जनमतलाई होइन, जनविश्वासलाई बनाएको हुन्छ । जनमत चुनाव जित्नका लागि पर्याप्त हुन सक्छ, तर जनविश्वास कायम राख्न निरन्तर आत्मसमीक्षा, पारदर्शिता, समावेशी नेतृत्व र आलोचना सुन्ने संस्कार अपरिहार्य हुन्छ । आज मधेसबाट उठिरहेको असन्तुष्टिको आवाजलाई यही दृष्टिले बुझ्न आवश्यक छ ।

राजनीतिक दलहरू प्रायः बाह्य चुनौतीलाई आफ्नो मुख्य समस्या ठान्छन् । उनीहरू विपक्षी दल, सामाजिक सञ्जाल, सञ्चारमाध्यम वा आलोचकहरूलाई आफ्नो असहजताको कारण देख्छन् । तर इतिहासले देखाएको तथ्य फरक छ । धेरै राजनीतिक दल बाहिरी आक्रमणले होइन, भित्री असन्तुष्टिले कमजोर भएका छन् । संगठनभित्र विश्वास घट्दै जाँदा नेतृत्व र कार्यकर्ताबीच दूरी बढ्छ । निर्णय प्रक्रियामा केही सीमित व्यक्तिको प्रभाव बढ्दै जान्छ । आलोचनालाई अस्वीकार गर्ने प्रवृत्ति विकसित हुन्छ । त्यसपछि संगठनभित्र संवादको ठाउँ आरोप-प्रत्यारोपले लिन थाल्छ । अन्ततः बाहिर देखिने संकटभन्दा धेरै ठूलो संकट भित्रैबाट जन्मिन्छ । अहिले राष्ट्रिय स्वतन्त्र पार्टीभित्र मधेसका नेताहरूले व्यक्त गरेका धारणा पनि यही जोखिमतर्फ संकेत गरिरहेका छन् । यदि यी प्रश्नहरूलाई समयमै सम्बोधन गर्न सकियो भने पार्टी अझ परिपक्व बन्न सक्छ । यदि बेवास्ता गरियो भने आजको सामान्य देखिने असन्तुष्टि भोलिको गम्भीर राजनीतिक चुनौती बन्न सक्छ ।

यसबीच सरकारका सय दिनमा भएका सकारात्मक कामलाई पनि निष्पक्ष रूपमा मूल्याङ्कन गर्नुपर्छ । प्रशासनिक सुधारका संकेत, सेवा प्रवाहलाई छिटो बनाउने प्रयास, सरकारी संयन्त्रलाई उत्तरदायी बनाउने प्रतिबद्धता, डिजिटल प्रणालीको विस्तार, भ्रष्टाचारविरुद्ध कडा सार्वजनिक अभिव्यक्ति तथा केही नीतिगत सुधारका प्रयासलाई पूर्ण रूपमा अस्वीकार गर्नु न्यायोचित हुँदैन । जनताले पनि परिवर्तन एकै दिनमा सम्भव नहुने कुरा बुझेका छन् । तर उनीहरूले खोजेको कुरा परिणामभन्दा पहिले विश्वास हो । सरकार सही दिशामा अघि बढिरहेको अनुभूति भयो भने नागरिक धैर्य गर्न तयार हुन्छन् । तर यदि उपलब्धिको सूची सार्वजनिक भइरहँदा जनताको ठूलो हिस्साले आफूलाई उपेक्षित महसुस गर्न थाल्यो भने उपलब्धिको प्रभाव स्वतः कमजोर हुन्छ । त्यसैले सरकारका लागि सबैभन्दा महत्वपूर्ण चुनौती आफ्नो कामको प्रचार गर्नु मात्र होइन, आफ्नो निर्णयमा सबै समुदायको अपनत्व सुनिश्चित गर्नु पनि हो ।

मधेसको सन्दर्भमा यो प्रश्न अझ संवेदनशील छ । मधेस केवल नेपालको एउटा प्रदेश होइन; यो नेपालको राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक संरचनाको अत्यन्त महत्वपूर्ण आधार हो । सीमापार व्यापारदेखि कृषि उत्पादनसम्म, जनसांख्यिक विविधतादेखि राष्ट्रिय राजनीतिसम्म मधेसको भूमिका निर्णायक छ । यस्तो क्षेत्रका नागरिकले यदि आफूहरूलाई निर्णय प्रक्रियाबाट टाढा राखिएको अनुभूति गर्न थाले भने त्यसको असर केवल एउटा दलमा सीमित रहँदैन । त्यसले समग्र लोकतान्त्रिक प्रक्रियाप्रति विश्वास कमजोर पार्न सक्छ । यही कारणले मधेसका नेताहरूले उठाएका प्रश्नलाई पद वा अवसरको विवादका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन । यसलाई समावेशी लोकतन्त्रको गुणस्तरसँग जोडेर हेर्न आवश्यक छ ।

यस सन्दर्भमा सरकार र पार्टी दुवैले केही गम्भीर आत्मसमीक्षा गर्नुपर्ने देखिन्छ । पहिलो, निर्णय प्रक्रियालाई अझ बढी सामूहिक, पारदर्शी र सहभागितामूलक बनाउन आवश्यक छ । दोस्रो, मधेस, दलित, आदिवासी जनजाति, महिला, मुस्लिम तथा अन्य उत्पीडित समुदायको प्रतिनिधित्वलाई केवल औपचारिक उपस्थिति होइन, वास्तविक निर्णय गर्ने तहसम्म विस्तार गर्नुपर्छ । तेस्रो, पार्टीभित्र नियमित संवादको संस्थागत व्यवस्था निर्माण गर्नुपर्छ, जहाँ सांसद, नेता र कार्यकर्ताले आफ्ना असन्तुष्टि सार्वजनिक मञ्चमा पुग्नुअघि नै राख्न सकून् । चौथो, आलोचनालाई विरोध होइन, सुधारको स्रोतका रूपमा ग्रहण गर्ने राजनीतिक संस्कार विकास गर्नुपर्छ । पाँचौँ, सरकारका उपलब्धि र कमजोरी दुवैलाई तथ्यका आधारमा सार्वजनिक गर्ने परिपाटी बसाल्नुपर्छ । आत्मप्रशंसाले केही समय समर्थकलाई सन्तुष्ट पार्न सक्छ, तर आत्ममूल्याङ्कनले मात्र दीर्घकालीन विश्वास निर्माण गर्छ ।

साथै, मधेसका सवाललाई चुनावी घोषणापत्रका वाचामा सीमित नराखी ठोस नीतिगत कार्यक्रममार्फत कार्यान्वयन गर्न आवश्यक छ । शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ, सीमा व्यवस्थापन, उद्योग, रोजगारी, पूर्वाधार, नागरिक सेवा र युवाको अवसर विस्तारजस्ता विषयलाई विशेष प्राथमिकता दिनुपर्छ । मधेसका युवाले आफ्नो भविष्य काठमाडौँको निर्णयमा निर्भर रहेको होइन, आफ्नै प्रदेशको सम्भावनामा देख्न सक्ने वातावरण बनाउनु नै दीर्घकालीन समाधानको आधार हुनेछ । प्रतिनिधित्वको प्रश्न पनि यहींबाट बलियो बन्छ । सम्मान केवल भाषणबाट होइन, जिम्मेवारी बाँडफाँटबाट स्थापित हुन्छ ।

आजको राजनीतिक बहसले अर्को महत्वपूर्ण शिक्षा पनि दिएको छ । नयाँ राजनीति केवल नयाँ अनुहारको आगमन होइन । नयाँ राजनीति भनेको पुराना गल्ती दोहोरिन नदिने क्षमता हो । यदि नेतृत्वले आलोचना सुन्ने धैर्य राख्छ, फरक विचारलाई स्थान दिन्छ, शक्ति बाँडफाँटलाई लोकतान्त्रिक बनाउँछ र क्षेत्रीय तथा सामाजिक विविधतालाई आफ्नो संगठनको शक्तिका रूपमा स्वीकार गर्छ भने मात्र नयाँ राजनीतिक संस्कार स्थापित हुन्छ । अन्यथा नयाँ अनुहार भए पनि पुरानै शैली दोहोरिनेछ र जनताको निराशा झन् गहिरो हुनेछ ।

सय दिनको समीक्षा अन्तिम फैसला होइन । यो एउटा प्रारम्भिक ऐना हो, जसले उपलब्धिसँगै कमजोरी पनि देखाउँछ । आजको अवस्थामा सरकारसँग अझै सुधार गर्ने पर्याप्त अवसर छ । मधेसबाट उठेका प्रश्नलाई समयमै सम्बोधन गर्न सकियो भने त्यसले पार्टीलाई कमजोर बनाउने होइन, झन् परिपक्व बनाउनेछ । तर यदि असन्तुष्टिलाई व्यक्तिगत महत्वाकांक्षा, क्षेत्रीय दबाब वा अस्थायी असहमतिका रूपमा मात्र बुझेर बेवास्ता गरियो भने त्यसले दीर्घकालीन राजनीतिक क्षति पुऱ्याउन सक्छ । लोकतन्त्रको सुन्दरता नै फरक मतलाई स्थान दिनु हो । फरक मतलाई दबाउने होइन, सुन्ने र सम्बोधन गर्ने संस्कार नै लोकतान्त्रिक परिपक्वताको मापन हो ।

अन्ततः सरकारका सय दिनका उपलब्धि कम छैनन् भन्ने दाबी गर्न सकिन्छ, तर ती उपलब्धिभन्दा ठूलो बहस अहिले प्रतिनिधित्व, समावेशिता र राजनीतिक संस्कारको बनेको छ । उपलब्धिले सरकारलाई केही समय लोकप्रिय बनाउन सक्छ, तर समावेशी व्यवहारले मात्र दीर्घकालीन विश्वास दिलाउँछ । मधेसबाट उठेको असन्तुष्टि कुनै एउटा भूगोलको आवाज मात्र होइन; यो लोकतन्त्रमा सम्मान, सहभागिता र साझेदारीको माग हो । यही मागलाई सरकारले समयमै बुझ्न सक्यो भने सय दिनको समीक्षा भविष्यको सफल यात्राको आधार बन्न सक्छ । यदि बुझ्न सकेन भने सय दिनको उपलब्धिको सूची इतिहासका पानामा सीमित रहनेछ, तर बेवास्ता गरिएका असन्तुष्टिका आवाजहरूले लामो समयसम्म नेपाली राजनीतिलाई पछ्याइरहनेछन् । लोकतन्त्र अन्ततः उपलब्धिको घोषणाले होइन, नागरिकको विश्वासले टिक्ने व्यवस्था हो । त्यो विश्वास जोगाउने जिम्मेवारी सरकार, राजनीतिक दल र नेतृत्व सबैको साझा दायित्व हो । अहिलेको सबैभन्दा ठूलो आवश्यकता पनि यही हो ।(झा नेपाल पत्रकार महासंघ रौतहटका पुर्व अध्यक्ष हुन ।)

## विश्व समाचार

## ऊर्जा सङ्कटपछि भारतले तेल अन्वेषण विस्तार गर्ने

नयाँदिल्ली, २१ असार (रासस/एएफपी) ।

मध्यपूर्वमा भएको युद्धका कारण ऊर्जा आपूर्तिमा आएको अवरोधपछि भारतले स्वदेशी कच्चा तेलको अन्वेषण तथा उत्पादन विस्तार गर्ने योजना अघि बढाएको छ ।

भारतका पेट्रोलियम तथा प्राकृतिक ग्याँसमन्त्री हर्दिपसिंह पुरीले ऊर्जा सङ्कटले स्वदेशी स्रोतको विकासलाई प्राथमिकता दिन नयाँ प्रेरणा दिएको बताउनुभएको छ ।

विश्वको तेस्रो ठूलो कच्चा तेल आयातकर्ता तथा दोस्रो ठूलो एलपीजी आयातकर्ता भारतले अमेरिका-इरान द्वन्द्वका क्रममा 'स्ट्रेट अफ होर्मुज'मा लगाइएका प्रतिबन्धका कारण ऊर्जा आपूर्तिमा अवरोधको सामना गरेको थियो । अमेरिका र इरानबीच युद्ध रोक्ने अस्थायी सहमतिपछि खाडी क्षेत्रबाट तेल तथा ग्यास ढुवानी पुनः सुरु भएको छ भने बजारमा मूल्य स्थिर हुन थालेको छ ।

मन्त्री पुरीका अनुसार भारतले हालसम्म अन्वेषण नगरिएका करिब दुई लाख ५० हजार वर्ग किलोमिटर क्षेत्रमा तेल तथा ग्यास अन्वेषणका लागि बोलपत्र आह्वान गर्ने तयारी गरिरहेको छ ।

भारतको तेल मन्त्रालयका अनुसार आर्थिक वर्ष २०२५/२६ मा स्वदेशी कच्चा तेल उत्पादन दुई करोड ५९ लाख ८० हजार मेट्रिकटन रहेको थियो । यो उत्पादनले भारतको कुल कच्चा तेल आवश्यकताको करिब १० प्रतिशत मात्र पूरा गर्छ ।

ऊर्जा आपूर्तिको विविधिकरणका लागि भारतले कच्चा तेल आयात गर्ने देशको सङ्ख्या २७ बाट बढाएर ४१ पुऱ्याएको छ । यस क्रममा इरान, भेनेजुएला, रुस तथा विभिन्न अफ्रिकी मुलुकबाट पनि आयात बढाइएको छ ।

रुसी तेल खरिदका विषयमा अमेरिका र युरोपबाट आलोचना भए पनि मन्त्री पुरीले भारतले वैचारिक दृष्टिकोणभन्दा आफ्ना ऊर्जा आवश्यकतालाई प्राथमिकता दिएको बताउनुभएको छ ।

भारतको स्वदेशी कच्चा तेल उत्पादन मुख्यतः मुम्बईको अपतटीय क्षेत्र, राजस्थान, गुजरात तथा आसाममा केन्द्रित छ । मन्त्री पुरीले अन्डमान तथा निकोबार द्वीप आसपासको समुद्री क्षेत्रलाई ऊर्जा सम्भावनाले भरिएको क्षेत्रका रूपमा उल्लेख गर्दै त्यहाँ गहिरो समुद्री क्षेत्रमा अन्वेषणलाई तीव्र पारिने बताउनुभयो ।

उहाँका अनुसार भारतले गहिरो समुद्री अन्वेषणका लागि पेट्रोब्रास, टोटलएनर्जीज, बीपी, शेल तथा एक्सनमोबिलजस्ता अन्तरराष्ट्रिय कम्पनीसँग सहकार्य गरिरहेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२५ मा 'समुद्र मन्थन' अभियान घोषणा गर्दै समुद्रमुनिको तेल तथा ग्यास भण्डारको खोजीलाईतर राष्ट्रिय प्राथमिकतामा राख्नुभएको थियो ।

सरकारले सन् २०७० सम्म कार्बन तटस्थता हासिल गर्ने लक्ष्य राखे पनि तीव्र आर्थिक वृद्धि र बढ्दो ऊर्जा मागका कारण तेलको खपत निरन्तर बढिरहेको छ । भारतले नवीकरणीय ऊर्जा, आणविक ऊर्जा तथा इथेनोल मिश्रित इन्धनको प्रयोग विस्तार गर्दै ऊर्जा स्रोतको विविधिकरणमा पनि लगानी बढाइरहेको छ ।

मन्त्री पुरीले भारतको ऊर्जा खपत सन् २०२१ मा दैनिक ५० लाख ब्यारेलबाट बढेर हाल करिब ५६ लाख ब्यारेल पुगेको र निकट भविष्यमै दैनिक ६० लाख ब्यारेल पुग्ने अनुमान गरिएको बताउनुभयो । उहाँले करिब १० अर्ब अमेरिकी डलरको लगानीमार्फत तेल तथा ग्यास अन्वेषणलाई तीव्र बनाइने र अहिलेसम्म अन्वेषण नगरिएको करिब १० लाख वर्ग किलोमिटर क्षेत्रमा पनि अध्ययन अघि बढाइने जानकारी दिनुभयो ।

## सीमा बन्द र मध्यपूर्व तनावले अफगानिस्तानको अटो व्यापार प्रभावित

स्पिन बोल्दाक, २१ असार (रासस/एएफपी) ।

अफगानिस्तानको दक्षिणी सीमावर्ती व्यापारिक केन्द्रस्पिन बोल्दाकमा गाडीका पार्टपुर्जा आयात-व्यापार क्षेत्रीय द्वन्द्वका कारण ठप्प भएको छ । कन्दाहार प्रान्तमा लामो समयदेखि फस्टाउँदै आएको यो व्यापार पाकिस्तानसँगको सीमा बन्द र मध्यपूर्वको तनावले गम्भीर रूपमा प्रभावित भएको हो ।

पाकिस्तानसँगको सीमापार हिंसापछि अक्टोबरदेखि सीमा लगभग पूर्ण रूपमा बन्द हुँदा आयात मार्ग अवरुद्ध भएको थियो । विकल्पका रूपमा इरानको बन्दर अब्बास हुँदै तथा संयुक्त अरब इमिरेट्समार्फत ढुवानी गरिए पनि पछिल्लो मध्यपूर्व युद्धपछि ती मार्ग पनि प्रभावित भएका छन् ।

व्यवसायीका अनुसार जापानलगायत देशबाट आउने पार्टपुर्जा पहिले पाकिस्तान हुँदै स्पिन बोल्दाक पुग्थे, जहाँ गाडी एसेम्बल तथा मर्मतकार्य हुन्थ्यो । तर अहिले ढुवानी लागत अत्यधिक बढेको र आपूर्ति शृङ्खला अवरुद्ध भएको छ ।

व्यवसायी भन्छन्, मध्यपूर्वमा तनाव बढेपछि इरान वरपरको व्यापार मार्ग तथा 'स्ट्रेट अफ होर्मुज' हुँदै हुने ढुवानी पनि प्रभावित भएको छ, जसले सङ्कट अझ गहिरो बनाएको छ ।

ढुवानी कम्पनीका अनुसार युएइको प्रमुख व्यापारिक केन्द्र जेबेल अली बन्दरगाहमा ढिलाइ बढ्दै गएको छ । यसका कारण जापान र युएइबीचको नियमित आपूर्ति प्रणालीसमेत प्रभावित भई अवरुद्ध भएको छ ।

स्थानीय व्यवसायीका अनुसार कन्टेनर लागत दुई हजार अमेरिकी डलरबाट बढेर आठहजार डलरसम्म पुगेको छ भने धेरै कन्टेनर युएइ र जापानमै अड्किएका छन् ।

विश्व बैङ्कले अफगानिस्तानलाई बाह्य आर्थिक झट्काको उच्च जोखिममा रहेको देश भन्दै आयात-निर्यात असन्तुलन बढ्दै गएको चेतावनी दिएको छ ।

स्पिन बोल्दाक बजारमा काम गर्ने हजारौँ मजदुर र व्यापारी प्रभावित भएका छन् । कार निर्माण, मर्मत र बिक्रीसम्बन्धी गतिविधि रोकिएपछि धेरैले रोजगारी गुम्ने जोखिम सामना गरिरहेका छन् ।

व्यवसायीले क्षेत्रीय तनाव समाधान भई अन्तरराष्ट्रिय जलमार्ग र सीमा मार्ग पुनः खुल्ने आशा व्यक्त गरेका छन् ।

# उखु किसानले १३ वटा चिनी मिलबाट पाए ९२ प्रतिशत रकम

काठमाडौँ, २१ असार (रासस)। चालु आर्थिक वर्षमा १३ वटा चिनी मिलबाट ६८ हजार उखु किसानले पाउनुपर्ने कुल रु १३ अर्ब ७६ करोडमध्ये करिब ९२ प्रतिशत रकम मिलहरूले भुक्तानी गरिसकेको सरकारले जनाएको छ।

वर्तमान सरकार गठन भएको १०० दिनका अवसरमा शनिबार सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले आयोजना गर्नुभएको पत्रकार सम्मेलनमा विगतका वर्षमा उखु किसानले भुक्तानीका लागि छ देखि आठ महिनासम्म कुर्नुपर्ने बाध्यता रहेकोमा यसवर्ष आर्थिक वर्षभित्रै रकम उपलब्ध गराउने प्रभावकारी व्यवस्था गरिएको जानकारी दिनुभयो।

सरकारका तर्फबाट दिइने प्रतिक्विन्टल रु ७० का दरको करिब रु एक अर्ब ५२ करोड अनुदान रकम सम्बन्धित निकायमा निकासा भई असार २५ भित्र किसानको खातामा जम्मा हुने क्रममा रहेको उहाँले बताउनुभयो। बैंक खाता र प्यानजस्ता प्राविधिक विवरण नमिलेका कारण रोकिएका केही किसानहरूको बाँकी भुक्तानीसमेत तत्काल हुने व्यवस्था मिलाइएको सरकारले जारी गरेको १०० दिनका उपलब्धि विवरणमा उल्लेख छ।

कृषि बजार सूचना प्रणाली सञ्चालन एवं चिस्यान केन्द्रका लागि बजेट व्यवस्था गरिएको छ। कृषकलाई 'स्वाइल हेल्थ कार्ड' वितरण तथा माटो परीक्षणको कार्य अघि बढाइएको छ। कृषि क्षेत्रमा लगानी प्रवर्द्धन गर्न रु तीन करोडसम्मको कृषि कर्जामा रहेको जोखिम भारलाई ७५ प्रतिशतबाट घटाएर ६० प्रतिशत कायम गरिएको छ।

मुलुकभरका किसानहरूको आवश्यक विवरण सङ्कलन गरी विद्युतीय प्रणालीमा आबद्धता गर्न कूल २५ लाख ५८ हजार १९८ सङ्ख्यामध्ये हालसम्म सात लाख ५० हजारको प्रमाणीकरण गरिएको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न प्रभावित परिवारलाई राहत वितरणका साथै सोको अध्ययनको कामसमेत समितिले सक्रिय रूपमा गरिरहेको जनाइएको छ।

# सञ्चारसम्बन्धी विद्यमान कानुनको पुनरावलोकन गर्न जोड

ललितपुर, २१ असार (रासस)। पत्रकारिता क्षेत्रका अगुवा तथा विज्ञहरूले सूचना, प्रविधि र परिस्थितिमा आएको परिवर्तनसँगै सञ्चारसम्बन्धी विद्यमान कानुनहरूको पुनरावलोकन गर्न जोड दिएका छन्।

नेपाल पत्रकार महासङ्घले बागमती प्रदेश रजिष्ट्रार कार्यालयको सहकार्यमा आइतबार आयोजना गरेको छलफलमा महासङ्घका अध्यक्ष निर्मला शर्माले विद्यमान कानुनमा गरिनुपर्ने संशोधनलगायत आफूहरूले उठाएका सवालमा नेपाल सरकारले सम्बोधन गर्नुपर्ने बताउनुभयो। उहाँले संविधानमा व्यवस्था गरिएको पूर्ण प्रेस स्वतन्त्रतामा कतैबाट हनन् हुन नहुने र पत्रकारहरू जिम्मेवार पनि हुनुपर्ने बताउनुभयो।

महासङ्घका पूर्वअध्यक्ष डा सुरेश आचार्यले आमसञ्चार नीति, २०७३ लाई समेत डिजिटल रूपान्तरणका आधारमा परिवर्तन गर्दै कानुनी संशोधनमा जानुपर्ने बताउनुभयो। उहाँले आफूहरूले मन्त्रालयको आग्रहमा आमसञ्चार विधेयकको मस्यौदा तर्जुमा गरेर २०७५ सालमै बुझाएको भए पनि हालसम्म संसद्मा पेस नभएको गुनासो गर्नुभयो। उहाँले संसद्मा पुगिसकेको 'नेपाल मिडिया काउन्सिल विधेयक'का कतिपय प्रस्तावहरूले काउन्सिललाई स्वायत्त नबनाउने भएकाले त्यसमा आवश्यक परिमार्जन गर्नुपर्ने बताउनुभयो।

सञ्चार अध्येता विनोद ढुङ्गेलले सूचना, प्रविधि र परिस्थितिमा आएको परिवर्तनसँगै सञ्चारसम्बन्धी विद्यमान कानुनको पुनरावलोकन गर्न ढिला भइसकेको बताउनुभयो। उहाँले दर्ता भएकामध्ये १६ प्रतिशत पत्रपत्रिका मात्रै नियमित प्रकाशन भइरहेको अवस्थामा कानुनी व्यवस्था त्यहीअनुसारको हुनुपर्ने बताउनुभयो।

बागमती प्रदेशका प्रेस रजिष्ट्रार रेवती सापकोटाले संविधानमा भएको प्रदेशको सञ्चारसम्बन्धी अधिकारलाई व्यवहारतः कार्यान्वयन गर्न चुनौती देखिएका सम्बन्धमा सङ्घीय सरकारले मनन् गर्नुपर्ने बताउनुभयो।

महासङ्घको राष्ट्रिय सम्मेलनको सञ्चार तथा सूचनामन्त्री डा विक्रम तिमिल्सिनाले उद्घाटन गर्नुभएको थियो।

# बीउ उत्पादन कार्यक्रम ५८ स्थानीय तहमा सञ्चालन

काठमाडौँ, २१ असार (रासस)। कृषि विभागले विभिन्न १८ जिल्लाका ५८ स्थानीय तहमा गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरेको छ।

विभागले सङ्घीय सशर्त वित्तीय हस्तान्तरण कार्यक्रममार्फत उन्नत बीउ उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरेको हो।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव घटाउन धान बालीमा उत्थानशील जात विकास गरिने जानकारी दिनुभयो। धान खेतीमा छरुवा प्रविधि, पालैपालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको उहाँले बताउनुभयो।

कार्यक्रमअन्तर्गत हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपरजोनमार्फत बर्खे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृङ्खला विकास गरिने छ। चैते धान प्रवर्द्धनमा किसानलाई अनुदान उपलब्ध गराइने छ।

विभागले यस वर्षदेखि धानमा आधारित परियोजना महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का आठ स्थानीय तहमा सुरु गरेको छ।

# पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमणको जोखिम बढ्ने

काठमाडौँ, २१ असार (रासस)। पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमणको जोखिम बढ्ने भएकाले आवश्यक सर्तकता अपनाउन इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले सबैमा अनुरोध गरेको छ। महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा गोकर्णप्रसाद दाहालले दैनिक पानी पर्न थालेपछि डेङ्गीको जोखिम पनि बढ्ने भएकाले सर्तकता अपनाउन सबैलाई आग्रह गर्नुभयो।

"केही दिनअघि परेको पानीले डेङ्गी सङ्क्रमण बढाउने खतरा रहेको छ", उहाँले भन्नुभयो, "आकाशबाट परेको पानी जम्मा हुँदा त्यसमा डेङ्गी सार्ने लामखुट्टेको विकास हुने गर्दछ। त्यही लामखुट्टेले डेङ्गी सार्ने गर्दछ।" उहाँले पानी पर्न सुरु गरेकाले डेङ्गी सङ्क्रमणको जोखिम पनि बढ्ने बताउनुभयो। उहाँले डेङ्गीबाट बच्न आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गर्नुभयो।

असार ९ गतेदेखि १५ गतेसम्म ६३ जनामा डेङ्गी देखिएको जनाउँदै डा दाहालले अहिले दैनिक जस्तो पानी परिरहेकाले सडक, घर छेउछाउका पानी जम्नसक्ने खाल्डाखुल्डीमा लामखुट्टेका प्रजाति विकसित हुनेहुँदा सङ्क्रमण बढ्न सक्ने बताउनुभयो। डङ्गीबाट बच्न घर वरिपरिका खाल्डाखुल्डीमा पानी जम्न नदिने, नियमित सरसफाइ गर्ने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत उपाय अपनाउन सकिने उहाँले सुझाव दिनुभयो।

कीटजन्य रोग शाखा प्रमुख डा दाहालका अनुसार डेङ्गी सङ्क्रमणको जोखिम असारदेखि कात्तिकसम्म कायम रहन्छ। "पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गी रोग लाग्दछ। तसर्थ लामखुट्टेले फूल पार्नसक्ने सम्भावित ठाउँ पहिचान गरी सरसफाइमा विशेष ध्यान दिनु जरुरी छ", उहाँले भन्नुभयो।

### मन्त्रालयको संख्या ...

भएबमोजिम मन्त्रालयको सङ्ख्या घटाएर १८ कायम गरिएको प्रवक्ता पोखरेलले बताउनुभयो। उहाँले मन्त्रालयको सङ्ख्या घटाएसँगै वार्षिक करिब रु २० अर्ब राज्य कोषमा बचत हुने अनुमान गरिएको बताउनुभयो।

यसैगरी उहाँले अन्य संरचनाहरू खारेजी र समायोजन आदिबाट खर्च कटौती गरी कार्यक्षमता बढाउने जनाउँदै राजनीतिक दल निकट ट्रेड युनियन, विद्यार्थी सङ्गठन खारेजीलगायतका सुधारात्मक कार्यबाट सकारात्मक सन्देश गएको बताउनुभयो।

# नार्कका सम्पर्कविहीन दुई कर्मचारी बर्खास्त

काठमाडौँ, २१ असार (रासस)। कृषि, वन तथा पर्यावरण मातहतको नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का दुई कर्मचारी बर्खास्त भएका छन्।

नार्कका अध्यक्षसमेत रहनुभएका कृषि मन्त्री गीता चौधरीले लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीलाई सेवाबाट हटाउनुभएको उहाँको सचिवालयले जनाएको छ।

सरकारले सुशासन र जनमुखी सेवा प्रवाहलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै मन्त्री चौधरीले दरबन्दी मात्र ओगटेर सम्बन्धित कार्यालयमा जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई आवश्यक कारबाही गरिएको बताउनुभयो।

सेवाबाट हटाइएका कर्मचारीमा कृषि अनुसन्धान निर्देशनालय, तरहरा सुनसरीमा कार्यरत प्राविधिक अधिकृत छैटौं पार्वती जोशी र राष्ट्रिय जैविक प्रविधि अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरमा कार्यरत वैज्ञानिक एस-१ नमिता भट्टराई छन्।

कर्मचारी प्रशासन विनियमावली, २०६२ को विनियम बमोजिम उनीहरूलाई अनुपस्थित रहेको मितिदेखि नै लागु हुने गरी सेवाबाट हटाइएको हो। परिषद्ले सम्बन्धित कर्मचारीहरूको घर ठेगानामा पत्राचार गर्नुका साथै राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सात दिनभित्र सम्पर्कमा आउन आग्रह गरेकामा तोकिएको अवधिमा पनि सम्पर्कमा नआएकाले परिषद्को कार्यकारी समितिको निर्णयअनुसार सेवाबाट हटाइको मन्त्री चौधरीले बताउनुभयो।

### मधेश प्रदेश ...

मन्त्रालयले गरेको छ। अर्थले ५३ दशमलव ७१ प्रतिशत बजेट खर्च गरेको छ। त्यसपछि वन तथा वातावरण मन्त्रालयले ४६ दशमलव ३८ प्रतिशत र श्रम तथा यातायात मन्त्रालयले ३८ दशमलव ९७ प्रतिशत खर्च गरेका छन्।

त्यस्तै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ३६ दशमलव २९ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३१ दशमलव २९ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले २८ दशमलव ७९ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले २८ दशमलव ५६ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २८ दशमलव ३६ प्रतिशत बजेट खर्च गरेका छन्।

त्यस्तै शिक्षा तथा संस्कृति मन्त्रालयको खर्च २६ दशमलव ४७ प्रतिशत, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयको १९ दशमलव ६० प्रतिशत तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको सबैभन्दा कम ११ दशमलव २ प्रतिशत रहेको तथ्यांकमा उल्लेख छ।

सूचना अधिकारी कर्णका अनुसार असार २५ गतेसम्म विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी प्रक्रिया जारी रहने भएकाले खर्चको कुल प्रतिशत अझ बढ्ने सम्भावना छ। तर अन्तिम समयमा हुने तीव्र खर्चले बजेट कार्यान्वयनको दीर्घकालीन प्रभावबारे भने प्रश्न यथावत् छ। रातोपाटीबाट


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*